दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २०७ | बुटवल | २०८३ साउन २० गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday August 05, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

# सुकुम्वासी र अव्यवस्थित बसोवासी व्यवस्थापन गर्न ‘जरूरी सार्वजनिक महत्व’को प्रस्ताव पेश

**सरकारकै तथ्यांकअनुसार बस्तीमा डोजर चलाउँदा २ हजार ६१६ घरधुरीका ११ हजारभन्दा बढी नागरिक विस्थापित भएका छन्। सरकारले १० देखि १५ दिनभित्र उचित बसोबासको व्यवस्था गर्ने भनेको तर, दुई महिनाभन्दा बढी समय बित्दा पनि स्थायी समाधान दिन सकेको छैन।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाली कांग्रेसका सांसद भीष्मराज आङदेम्बेले सुकुमवासी र भूमिहीन नागरिकको समस्या समाधानका लागि सरकारसँग सात दिनभित्र एकीकृत कार्ययोजना माग गरेका छन्।

मंगलबार प्रतिनिधिसभाको बैठकमा ‘जरुरी सार्वजनिक महत्वको प्रस्ताव’ प्रस्तुत गर्दै उनले सुकुम्वासी व्यवस्थापनका नाममा सरकारले अमानवीय व्यवहार गरेको भन्दै सरकारको कडा आलोचना गरे। प्रस्ताव प्रस्तुत गर्ने क्रममा सांसद आङदेम्बेले वास्तविक भूमिहीन र सुकुमवासीको पहिचान गरी उनीहरूलाई सुरक्षित आवास, स्वास्थ्य, शिक्षा र जीविकोपार्जनको ग्यारेन्टी गर्न माग गरे। आङदेम्बेको प्रस्तावलाई एमाले सांसद पद्मा अर्याल, नेकपा प्रमुख सचेतक युवराज दुलाल, श्रम संस्कृति पार्टीका सांसद आरेन राईले पनि समर्थन गरेका छन्।

उनले सुकुम्वासी बस्तीमा डोजर चलाउँदा र उचित व्यवस्थापन बिना विस्थापन गर्दा नागरिकले ज्यान गुमाउनुपरेको दुःखद् तथ्य सदनसमक्ष राखे। आङदेम्बेले मनोहरा बस्ती खाली गर्ने क्रममा १९ वर्षीय रबिन तामाङ, बल्खुमा डोजर चल्दा ६१ वर्षीय इन्द्रबहादुर राई र कीर्तिपुरको होल्डिङ सेन्टरमा उपचार अभावका कारण ३६ वर्षीय भेषराज दर्जीको मृत्यु भएको उल्लेख गर्दै यी घटनाको जिम्मेवारी सरकारले लिनुपर्ने बताए।

सरकारले विधि र प्रक्रिया मिचेर राजनीतिक स्टन्ट मात्र गर्न खोजेको आरोप लगाए। आङदेम्बेले सरकारी तथ्याङ्कअनुसार नै छोटो अवधिमा ११ हजारभन्दा बढी नागरिक विस्थापित भएको र होल्डिङ सेन्टरहरूमा न्युनतम मानवीय सुविधा समेत नभएको भन्दै आपत्ति जनाए। बाढीबाट जोगाउन सारिएका नागरिक पुनः होल्डिङ सेन्टरमै डुबानमा परेको र बालबालिकाको शिक्षा अवरुद्ध भएको भन्दै उनले सरकारको गम्भीर ध्यानाकर्षण गराए।

आङदेम्बेले शक्तिको आडमा सार्वजनिक र वन क्षेत्र अतिक्रमण गर्नेहरूको विवरण सार्वजनिक गरी त्यस्तो जग्गा राज्यको नाममा ल्याउन र वास्तविक भूमिहीनको व्यवस्थापनमा प्रयोग गर्न माग गरे। उनले सरकारलाई सात दिनभित्र एकीकृत कार्ययोजना सार्वजनिक गर्न, संसदीय समितिले त्यसको अनुगमन गर्न र हरेक १५ दिनमा प्रगति विवरण पेश गर्न निर्देशन दिन सभामुखमार्फत सदनसँग आग्रह गरे। उक्त प्रस्ताव प्रस्तुत गर्दै नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सुकुम्वासी बस्तीबाट विस्थापित नागरिकको संख्या समेत संसद्मा प्रस्तुत गरेका छन्।

‘सरकारी तथ्याङ्कअनुसार छोटो अवधिमै २ हजार ६१६ घरधुरीका ११ हजारभन्दा बढी नागरिक विस्थापित भए,’ आङ्देम्बेले भने-‘प्रारम्भमा सातवटा होल्डिङ सेन्टरमा ३८८ परिवारका करिब एक हजार ४८८ जना राखिए।’ सरकारले १० देखि १५ दिनभित्र उचित बसोबासको व्यवस्था गर्ने भनेको बताउँदै उनले अगाडि भने-‘तर, दुई महिनाभन्दा बढी समय बित्दा पनि स्थायी समाधान आएन।’

सरकारले बस्तीबाट नागरिकलाई निकालेर होल्डिङ सेन्टरमा राखेको र त्यसपछि प्रतिपरिवार २५ हजार रुपैयाँ दिएर पाँच दिनभित्र आफ्नो व्यवस्था आफैँ गर्न भनेको प्रशंग उनले संसद्मा सुनाए। ‘तर, जसको नागरिकता मिलेन, जसको बैंक खाता थिएन, जसको विवरण फरक पऱ्यो। उनीहरूले रकम पाएनन्। रकम नपाउनेको समस्या समाधान गर्नुपर्नेमा खाना बन्द गरियो,’ आङ्देम्बेले भने-‘कोठा नपाएका परिवारलाई कोटेश्वर, बालाजुजस्ता चोकसम्म पुऱ्याएर छाडियो।’

राज्यले नागरिकलाई ‘सुरक्षित ठाउँ’मा पुऱ्याउने भन्दै असुरक्षित पारेको उनले बताए। ‘बाढीबाट जोगाउन भनेर कीर्तिपुरको राधास्वामी होल्डिङ सेन्टरमा राखिएका नागरिक त्यहाँ फेरि बाढीमा परे’, उनले भने। राधास्वामी होल्डिङ सेन्टरमा रहेका १५४ जनामध्ये ५४ जनालाई राति उद्धार गरेर अर्को ठाउँमा सार्नुपरेको उनले स्मरण गराए।

उनले भने-‘डोजरले टहरा मात्र भत्काएको छैन, नागरिकको बाँच्ने भरोसा पनि भत्काएको छ। यो राज्यले नागरिकमाथि गरेको व्यवहारको निर्मम सत्यता हो। विगतमा भूमि सम्बन्धी ऐन संशोधनका लागि नेपाली कांग्रेसका तर्फबाट गगनकुमार थापा र विश्वप्रकाश शर्माले ठोस प्रस्ताव ल्याए पनि संसद विघटनका कारण त्यो अघि बढ्न सकेन। वर्तमान सरकारले समस्याको दीर्घकालीन समाधान खोज्नुको साटो डोजर आतंक सिर्जना गरेको छ। सरकारले बाटो बिराउँदा संसदले बाटो देखाउनुपर्छ। यो सिङ्गो सदनको सामूहिक जिम्मेवारी हो।’

‘गृह मन्त्रालयले एउटा काम गर्ने, भूमि मन्त्रालयले अर्को कुरा भन्ने, स्थानीय तहले फरक निर्णय गर्ने र होल्डिङ सेन्टरमा अनधिकृत व्यक्तिले निर्देशन दिने अवस्था तत्काल अन्त्य हुनुपर्छ,त्यो अनधिकृत व्यक्ति को हो, उसले कुन कानुनी अधिकारका आधारमा निर्देशन दियो, र उसकै निर्देशनमा जेनजी अभियन्तामाथि प्रहरीले किन कुटपिट गऱ्यो ? सरकारले यस सदनलाई स्पष्ट र तथ्यसहितको जवाफ दिनुपर्छ,’ आङदेम्बेले भने-‘स्थायी समाधान नहुँदासम्म नागरिकलाई आधारभूत मानवीय सुविधासहित राख्नुपर्छ। स्वच्छ पानी, पर्याप्त खाना, शौचालय, स्वास्थ्य सेवा र सुरक्षा कुनै राहत होइनन्। यी राज्यका न्यूनतम जिम्मेवारी हुन्।’

» बाँकी ३ पेजमा

## ‘सुनसरी घटनाको जिम्मा सरकारले लिनुपर्छ’

बुटवल। प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सुनसरीसहित मधेसी जिल्लामा भएको धार्मिक तनावको घटनामा नागरिकको ज्यान जानेगरी प्रहरीले गोली चलाउनुपर्ने अवस्था किन सिर्जना भयो ? भन्दै प्रश्न गरेका छन्।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा बोल्दै नेता आङ्देम्बेले सरकारसँग उक्त प्रश्नको चित्तबुझ्दो जवाफ माग गरेका हुन्। उनले उक्त घटनाको जिम्मोरी लिनुपर्ने समेत माग गरे।

उनले घटनामा घाइते भएकाहरूको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै क्षतिको यकिन गरी उचित क्षतिपूर्तिको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराए। साथै, घटनाको सत्यतथ्य, निष्पक्ष र विश्वसनीय छानबिनका लागि न्यायिक छानबिन समिति गठन गर्नुपर्ने उनको माग छ। उनले विपद् पूर्वतयारी तथा प्रतिकार्यमा सरकार सुस्त गतिमा काम गरिरहेको भन्दै आलोचना समेत गरे।

उनले भने-‘सुनसरी, सिरहा, पर्सा र धनुषा लगायतका जिल्लाहरुमा भएका घटना र त्यसक्रममा सरकारले नागरिकको ज्यानै जानेगरी गोली चलाउनुपर्ने अवस्था किन आयो ? भन्नेबारेमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। यसबारे सरकारले चित्तबुझ्दो जवाफ दिनुपर्छ। र घटनाको जिम्मा लिनुपर्छ।’

मधेस प्रदेशको सुनसरी, सिरहासहितका जिल्लामा उत्पन्न साम्प्रदायिक तथा धार्मिक तनाव कम गर्ने क्रममा प्रहरीको गोली लागेर तीन जनाको मृत्यु भएको थियो भने दर्जनौँ व्यक्ति घाइते भएका छन्।

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. अमेरशकुमार सिंहले मधेसमा कुनै घटना घटनासाथ किन गोली चल्छ ? भन्दै राज्यसँग प्रश्न गरेका छन्।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा बोल्दै उनले यस्तो प्रश्न गरेका हुन्। उनले मधेस प्रदेशमा साम्प्रदायिक तनाव, थारुहट आन्दोलन तथा मधेस आन्दोलनको समयमा समेत कुनै घटना घटनासाथ सिधै गोली चल्ने गरेको उल्लेख गर्दै प्रहरीको लागि लाठी र अश्रुग्यासको व्यवस्था किन गरिँदैन ? भन्दै प्रश्न गरे। उनले आन्दोलन तथा दंगा नियन्त्रणमा कस्तो सुरक्षा व्यवस्था गर्ने भन्ने विषयमा सुरक्षा निकायलाई उचित तालिमको व्यवस्था गर्न समेत सरकारसँग माग गरे।

सिंहले प्रहरीको लागि लाठी र अश्रुग्यासको व्यवस्था गर्न समेत सरकारलाई आग्रह गरे। उनले मुलुकमा सामाजिक सद्भाव कायम गर्न समेत सबैमा अपिल गरे। अहिलेको आवश्यकता समुदाय समुदाय एकआपसमा लड्ने नभई मुलुकमा विद्यमान गरिबीसँग लड्ने रहेको उनको भनाई थियो। उनले अगामी दिनमा धार्मिक तथा साम्प्रदायिक दंगा हुन नदिने कुरामा राज्य सचेत हुनुपर्नेमा समेत जोड दिए।

एमाले सांसद गुरु बराललेसुनसरीमा भएको धार्मिक तथा सम्प्रदायिक तनाव उत्पन्न हुनुको कारण र सुरक्षा कमजोरीको विषयमा निष्पक्ष छानबिन गर्न माग गरेका छन्।

» बाँकी ३ पेजमा

## ओली निवासमा ढलेका एमाले नेता अस्पताल भर्ना

बुटवल। नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया उपचारका लागि मंगलबार वीर अस्पताल भर्ना भएका छन्।

पार्टीभित्र राजीनामा दिन तीव्र दबाब खेपिरहेका बेला उनी सोमबार साँझ गुन्डुस्थित अध्यक्ष केपी शर्मा ओली निवासमा अचानक बोल्दाबोल्दै बेहोस भएर ढलेका थिए। भक्तपुरको ठिमी अस्पतालमा उपचारपछि कोठामा फर्किएर आराम गरेका उनी मंगलबार अपराह्न थप उपचारका लागि वीर अस्पताल भर्ना भएका हुन्।

वीर अस्पतालका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार थपलियालाई मंगलबार अपराह्न करिब ४ बजे वीर अस्पतालको सर्जिकल भवनको तेस्रो तलास्थित क्याबिनमा भर्ना गरिएको हो। बागमती प्रदेश सरकार गठनका विषयमा थपलियासहित एमालेका बागमती प्रदेशका सांसदहरूलाई सामूहिक छलफल गर्न ओलीले बेलुका ७ बजे गुण्डु बोलाएका थिए।

सरकार गठन गर्न नसकेको, संसदीय दललाई राम्रोसँग नचलाएको, जनतामा लोकप्रिय नभएको जस्ता आरोपहरू सांसदहरूले थपलियालाई ओलीको अगाडि लगाएका थिए। सांसदहरू बोल्न नपाउँदै ओलीले समेत थपलियालाई तारन्तार हप्काएका थिए। आफूमाथि अपमान भएको भन्दै थपलियाले ओली र सांसदहरूको प्रतिवाद गरिरहेका थिए।

‘अति भएपछि जेएन कमरेड पनि बोल्न थाल्नुभयो, त्यसपछि गुण्डुमा जे भयो, सामान्य मानवीयता पनि देखिएन,’ गुण्डुमा मध्यरातमा भएको छलफलमा सहभागी बागमती प्रदेशका एक सांसदले भने- ‘पञ्चायतमा जेल परेको, जीवनभर ओलीको साथमा रहेका जेएन कमेरेडलाई जुन अपमान र तिस्कार गरियो, यसले एमालेमा ठूलो निराशा ल्याउँछ।’

गत शुक्रबार एमालेको बागमती प्रदेश कमिटी र संसदीय दलसँग सामूहिक छलफल गरी संसदीय दलको नेतालाई नै मुख्यमन्त्री बनाउन ओली सहमत भएका थिए। एमाले र नेकपाका सांसदहरू मिल्दासमेत बागमतीमा सरकार गठन गर्न कठिनाइ रहेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लाई साथमा लिएर मात्र बहुमत पुग्ने अवस्थालाई एमालेभित्रबाट नै चलखेल भएको नेताहरूले बताउँदै आएका छन्। जसका कारण जगन्नाथ थपलियाले बागमती सरकार गठन प्रक्रिया अगाडि बढाउन सकेका थिएनन्। ‘पूर्व राप्रपाका नेता किरण थापाले केपी ओलीको साथ पाएका कारण राप्रपाभित्रसमेत खेल्नुभयो’, बागमती प्रदेशका एक नेताले भने-‘राप्रपाका ६ जना सांसद गुण्डु गएर किरण थापालाई मुख्यमन्त्रीमा सहयोग गर्न तयार रहेको सुनाए, यसको वातावरण महेशजीले तयार गर्नुभएको हो।’

» बाँकी ३ पेजमा

## ‘अर्थतन्त्रलाई गतिशील बनाउन बैंकिङ क्षेत्रको भूमिका निर्णायक’



बुटवल। अर्थमन्त्री स्वर्णिम वाग्लेले अर्थतन्त्रलाई पुनः गतिशील बनाउन बैंकिङ क्षेत्रको भूमिका निर्णायक रहेको बताएका छन्। मंगलबार वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) हरूसँगको छलफलमा उनले सरकारले बजेटमार्फत् आर्थिक रूपान्तरणको स्पष्ट दिशा तय गरिसकेको र अब प्राथमिकता त्यसको प्रभावकारी कार्यान्वयनमा रहेको बताए।

उनले भने-‘बजेटमार्फत् हामीले नेपालको आर्थिक रूपान्तरणका लागि एउटा स्पष्ट दिशा तय गरेका छौँ। अब हाम्रो ध्यान कार्यान्वयनमा छ। त्यसैले आज म बजेट कार्यान्वयनसँगै अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न यहाँहरूको अनुभव र सुझाव सुन्न आएको छु।’

उनले निजीक्षेत्रसँगको संवादपछि बैंकिङ क्षेत्रसँग छलफल गरिएको उल्लेख गर्दै बचत, लगानी, उत्पादन र आर्थिक गतिविधिको केन्द्र बैंकिङ प्रणाली भएकाले अर्थतन्त्रको वास्तविक अवस्था सबैभन्दा राम्रोसँग बैंकहरूले नै बुझ्ने बताए।

अर्थमन्त्री वाग्लेले लगानी विस्तार, उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा निजीक्षेत्रको आत्मविश्वास पुनःस्थापना सरकारको साझा लक्ष्य रहेको उल्लेख गर्दै नियामकीय, कानुनी र संस्थागत सुधारलाई निरन्तर अघि बढाइरहेको जानकारी दिए। साथै ती सुधार पर्याप्त छन् वा छैनन् भन्ने विषयमा बैंकिङ क्षेत्रको स्पष्ट सुझाव आवश्यक रहेको उनले बताए।

छलफलका क्रममा उनले व्यवसायी लगानी विस्तार गर्न किन हिच्किचाइरहेको, ब्याजदर ऐतिहासिक रूपमा न्यून हुँदा पनि कर्जाको माग किन बढ्न नसकेको, बैंकिङ प्रणालीमा रहेको अधिक तरलता उत्पादनशील क्षेत्रमा रूपान्तरण हुन नसकेको जस्ता विषयमा बैंकका प्रमुख कार्यकारीहरूसँग धारणा मागेका छन्।

उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह बढाउन आवश्यक संरचनागत सुधार, मौद्रिक नीति, नियमन तथा सुपरिवेक्षणमा अपनाउनुपर्ने नयाँ दृष्टिकोण र अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक तथा बैंकिङ क्षेत्रबिचको समन्वयलाई प्रभावकारी बनाउने उपायबारे पनि उनले सुझाव मागे।

अर्थमन्त्री वाग्लेले सरकारले समस्याको पहिचानमै सीमित नरही समाधान, समयसीमा र जिम्मेवारीसहित कार्यान्वयनमा जाने प्रतिबद्धता जनाए। कानुनी सुधार आवश्यक परे कानुन संशोधन गर्ने, प्रक्रियागत समस्या भए प्रक्रिया परिवर्तन गर्ने तथा आवश्यक निर्णय लिन सरकार पछि नहट्ने उनको भनाइ थियो।

उनले सरकार र बैंकिङ क्षेत्रबीचको सम्बन्ध नियामक र नियमनमा मात्र सीमित नभई आर्थिक वृद्धि, लगानी विस्तार, रोजगारी सिर्जना र वित्तीय स्थायित्वका लागि साझा राष्ट्रिय जिम्मेवारी भएको उल्लेख गर्दै बैंकिङ क्षेत्रलाई आर्थिक रूपान्तरणको नेतृत्वदायी साझेदारका रूपमा अघि बढ्न आग्रह गरे।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# ग्यास अभाव कहिलेसम्म ?

सरकारी निकाय र ग्याँस उद्योगी  खाना पकाउने ग्यासको अभाव छैन भनिरहेका छन्, तर राजधानी काठमाडौंसहित देशका विभिन्न ठाउँमा रित्ता सिलिण्डर बोकेर उपभोक्ता लामो लाइन लागिरहेका छन् । साउनको झरी र चर्को काममा लामो लाइन लाग्नु उपभोक्ताको बाध्यता भएको छ, किन कि सरकारले ग्याँस अभाव छैन भने पनि उपभोक्ताको घरमा अभाव छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार, पछिल्लो तीन महिनामा बजारमा ७० लाख सिलिन्डर रिफिल भएर आउनुपर्ने हो, तर ५४ लाख मात्रै आए । अर्थात्, करिब २३ लाख सिलिन्डर रिफिल हुन सकेनन् । सरकारले आधा सिलिण्डर ग्यास वितरण गर्न थालेपछि उपभोक्ताले स्टक गर्दा २३ लाख सिलिण्डर नियमित प्रक्रियामा आउन बाँकी रहेको आँकलन छ । ती सिलिण्डर कहाँ छन् भन्ने कुनै तथ्याङ्क छैन । स्टक राख्न सक्नेले राखे, नसक्ने अहिले रित्ता सिलिण्डर बोकेर लाइन लागिरहेका छन् । सरकारको वितरण प्रणालीमा देखिएको त्रुटिकै कारण अहिले समस्या देखिएको हो । वितरण प्रणालीलाई डिजिटल प्रणालीमा जोड्न सक्दा बजारमा ग्यासको अभाव रोक्न सकिन्छ । डिजिटल नेपालको कुरा चर्का गरेर हुँदैन, नागरिकको दैनिकीसँग जोडिने विषय जोड्न सक्नुपर्छ । अहिले बजारमा एउटा कम्पनीको खाली सिलिण्डर दिँदा अर्को कम्पनीको सिलिण्डर पाइदैन । अर्को कम्पनीको सिलिण्डर पाउनका लागि उपभोक्ताले अतिरिक्त मूल्य दिनुपर्छ । व्यापारी र उद्योगीको सेटिङले पनि उपभोक्ताले अतिरिक्त मूल्य तिर्न बाध्य भएका हुन् । तर सरकार ग्यास सिलिण्डर वितरणमा भइरहेको कालोबजारी रोक्न पहलकदमी लिइरहेको छैन ।

ग्यास सिलिण्डर वितरणमा मनपरी छ । सिलिण्डर कति पूरानो हो भन्ने यकिन गर्न कठिनाई हुँदा उपभोक्ता मारमा परेका छन् । पूरानो सिलिण्डर पड्किदा उपभोक्ता दुर्घटनामा पर्ने गरेका छन् । उपभोक्ताको जीवनसँग जोडिएको विषयलाई संवेदनशील रुपमा लिएर ग्याँस सिलिण्डरको नियमन हुनुपर्छ । सिलिण्डरमा कोड राख्ने र त्यो डिजिटल प्रणालीमा राख्दा कुन मितिमा कुन सिलिण्डर उपभोक्ता, उद्योग र व्यापारी कहाँ पुग्यो भन्ने ट्र्याकिङ गर्न सकिन्छ । यसले सिलिण्डर अनावश्यक संचय गर्ने प्रवृत्ति हट्छ । वितरण प्रणाली पारदर्शी हुन्छ ।

# २१औँ शताब्दीमा राष्ट्रिय सुरक्षा, सामाजिक एकता र सुशासनको प्रश्न !



ईन्द्रप्रसाद भुसाल



२१ औँ शताब्दीमा राष्ट्रिय सुरक्षाको अवधारणा परम्परागत सैन्य सुरक्षा वा सीमाको रक्षा मात्रमा सीमित छैन । कुनै पनि राष्ट्रको सुरक्षा देशको  सेना, हतियार वा सीमाको मजबुतीले मात्र निर्धारण हुँदैन । नागरिकको सुरक्षा, सामाजिक विश्वास, लोकतान्त्रिक संस्थाप्रतिको आस्था, आर्थिक अवसर, विधिको शासन, सुशासन तथा संकट व्यवस्थापन गर्ने राज्यको क्षमताको समष्टिगत अवस्थाले राष्ट्रिय सुरक्षाको वास्तविक स्तर निर्धारण गर्छ । संयुक्त राष्ट्रसंघले अघि सारेको Human Security को अवधारणाले पनि नागरिकको जीवन, सम्मान, अवसर र सुरक्षालाई राष्ट्रिय स्थायित्वको आधार मानेको छ । नेपालको राष्ट्रिय सुरक्षा नीति (२०७५) ले पनि राष्ट्रिय एकता, सामाजिक सद्भाव, सुशासन, आर्थिक समृद्धि तथा लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरणलाई राष्ट्रिय हितको मूल आधारका रूपमा स्वीकार गरेको छ । तर नीतिगत प्रतिबद्धता र व्यवहारिक कार्यान्वयनबीचको दूरी निकै फरक देखिन्छ । हालका वर्षहरूमा नेपालमा देखिएका सामाजिक तनाव, राजनीतिक ध्रुवीकरण, गलत सूचना (Disinformation), सामाजिक सञ्जालमार्फत फैलिने घृणाजन्य अभिव्यक्ति, गलत सुचमा प्रवाह तथा राज्य सम्यन्त्र माथि घट्दो विश्वासले राष्ट्रिय सुरक्षाको प्रश्नलाई नयाँ ढङ्गले उठाएको छ । समाजभित्र विभाजन, अविश्वास र असहिष्णुता बढ्दै गएमा बाह्य चुनौतीको सामना गर्ने राष्ट्रिय क्षमता पनि कमजोर हुँदै जान्छ भन्ने तथ्य सर्वप्रथम सम्पुर्ण राजनीतिक दल र आम नागरिकले अनिवार्य बुझ्नै पर्ने तथ्य हो । राष्ट्रिय सुरक्षाको पहिलो आधार नागरिकबीचको विश्वास र सामाजिक तथा धार्मिक एकता हो । नेपालको आन्तरिक सुरक्षामा देखिएको कमजोरी केवल कानुनी वा प्रशासनिक समस्या मात्र होइन । यो राज्यका संस्थाहरूप्रतिको विश्वास, राजनीतिक संस्कार र सुशासनसँग प्रत्यक्ष सम्बन्धित विषय बस्तु  हो । राज्यका सुरक्षा निकायप्रति नागरिकको सम्मान र कानुनप्रतिको विश्वास कमजोर हुँदै गयो भने दीर्घकालमा त्यसले राष्ट्रिय सुरक्षालाई नै चुनौती दिन सक्छ ।

नेपालमा पछिल्ला केही वर्षयता देखिएको एउटा चिन्ताजनक प्रवृति भनेको कानुन कार्यान्वयन गर्ने निकायप्रतिको सार्वजनिक सम्मानमा आएको गिरावट हो । कतिपय अवस्थामा ठूलो समूह, राजनीतिक संरक्षण वा भीडको बलमा प्रहरी, सशस्त्र प्रहरी तथा अन्य सुरक्षा निकायका निर्देशनको खुलेआम अवज्ञा गरिएका घटनाहरू सार्वजनिक भएका छन् । लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालिमा नागरिकलाई कानुनी सीमाभित्र रहि शान्तिपूर्ण विरोध गर्ने अधिकार नेपालको संविधानले दिएको छ । तर राज्यका सुरक्षा निकायलाई नै चुनौती दिने, भीडको दबाबबाट कानुन कार्यान्वयन रोक्ने वा राजनीतिक संरक्षणको आडमा नियम उल्लङ्घन गर्ने संस्कृतिले विधिको शासनलाई कमजोर बनाउँछ । नेपालका सुरक्षा तथा प्रशासनिक संस्थाहरू दलगत राजनीतिक प्रभावबाट पूर्ण रूपमा मुक्त हुन नसकेको इतिहास पुर्ण रुपमा हटिसकेको छैन । कुनै निर्णय कानुनका आधारमा भन्दा राजनीतिक पहुँच, सम्बन्ध वा शक्ति सन्तुलनका आधारमा भएको देखिएमा आम नागरिकको राज्य संस्थामाथिको विश्वास कमजोर हुन्छ । नागरिकले निष्पक्ष राज्यभन्दा व्यक्तिगत पहुँचलाई बढी प्रभावकारी ठान्न थालेभने संस्थागत शासन कमजोर र व्यक्ति केन्द्रित शक्ति संरचना बलियो बन्दै जान्छ । सन् २०२१ मा संयुक्त राज्य अमेरिकाको क्यापिटल भवनमा भएको हिंसात्मक घटनाले विश्वकै सबैभन्दा पुरानो लोकतान्त्रिक व्यवस्थामध्ये राजनीतिक ध्रुवीकरणले सुरक्षा संस्थाहरूलाई कस्तो चुनौती दिन सक्छ भन्ने  उदाहरण देखायो । त्यसैगरी ब्राजिलमा सन् २०२३ मा सरकारी संस्थामाथि भएको आक्रमणले लोकतान्त्रिक प्रक्रियाप्रतिको अविश्वासले राष्ट्रिय सुरक्षामा कस्तो असर पार्न सक्छ भन्ने उदाहरण प्रस्तुत गऱ्यो । श्रीलङ्कामा आर्थिक संकटपछि उत्पन्न व्यापक जनआन्दोलनले आर्थिक असुरक्षा, राजनीतिक असन्तोष र संस्थागत कमजोरीबीचको सम्बन्ध स्पष्ट रूपमा देखायो ।

बङ्गलादेशमा २०२४ मा भएको Gen z नेतृत्वको विद्यार्थी आन्दोलन सरकारी जागिरको कोटा प्रणालीको विरोधबाट सुरु भई सरकारको दमन, सुशासनको अभाव र लोकतान्त्रिक उत्तरदायित्वप्रतिको असन्तोषका कारण राष्ट्रव्यापी आन्दोलनमा परिणत भयो । बङ्गलादेशको घटनाले युवापुस्ताको असन्तोष, सामाजिक सञ्जालमार्फत हुने तीव्र परिचालन र संस्थाप्रतिको विश्वासको संकटले राष्ट्रिय सुरक्षा तथा राजनीतिक स्थिरतामा गहिरो प्रभाव पार्न सक्ने तथ्य उजागर गऱ्यो । नेपालमा पनि २०२५ मा सामाजिक सञ्जालमार्फत संगठित Gen G तथा युवा नेतृत्वका आन्दोलनहरूले सुशासन, भ्रष्टाचार नियन्त्रण, राजनीतिक उत्तरदायित्व र सार्वजनिक संस्थाको प्रभावकारिताबारे व्यापक बहस सिर्जना गरे । यस्ता आन्दोलनहरू लोकतान्त्रिक अधिकारको प्रयोगका माध्यम भए पनि राज्यले संवाद, पारदर्शिता र संस्थागत विश्वास कायम गर्न नसके युवाको असन्तोष राजनीतिक ध्रुवीकरणमा रूपान्तरण हुन सक्ने सम्भावना देखियो । यसले आधुनिक राष्ट्रिय सुरक्षामा सैन्य शक्ति मात्र नभई सामाजिक विश्वास, लोकतान्त्रिक वैधता, आर्थिक स्थिरता, उत्तरदायी शासन र युवाको रचनात्मक सहभागिता पनि समान रूपमा महत्वपूर्ण आधार भएको स्पष्ट पार्छ ।

कानुनभन्दा बढी भीड वा राजनीतिक प्रभाव बलियो हुँदा गलत सूचना तथा भावनात्मक ध्रुवीकरणले तथ्यलाई विस्थापित गऱ्यो भने राष्ट्रिय सुरक्षाका चुनौतीहरू जटिल बन्दै जाँदा  लोकतन्त्रमा संस्थाप्रतिको विश्वास कमजोर हुँदै जान्छ । नेपालमा पनि आर्थिक अवसरको कमी, बेरोजगारी, युवाको बढ्दो विदेश पलायन, सामाजिक असन्तोष तथा भविष्यप्रतिको अनिश्चितताले समाजमा निराशा बढाउने खतरा कम|हुन सकेको छैन । राज्य सरकार सग नागरिकको आशा र भरोसा कमजोर हुँदै जाँदा  तथ्यभन्दा भावना, विश्लेषणभन्दा अफवाह र विवेकभन्दा उत्तेजनाले बढी प्रभाव पार्न थाल्छ । यही अवस्थाले सामाजिक सञ्जालमा फैलिने गलत सूचना, षड्यन्त्रका कथन तथा घृणाजन्य अभिव्यक्तिलाई सहज वातावरण उपलब्ध गराउँछ । यदि नागरिकले आफ्नो राजनीतिक, जातीय वा धार्मिक समूहको गलत कार्यलाई पनि उचित ठान्ने र अर्की समूहको सकारात्मक कार्यलाई समेत अस्वीकार गर्ने मनोविज्ञान विकास गर्न थाले भने सामाजिक विश्वास क्रमशः कमजोर हुँदै जान्छ । यस्तो अवस्थाले लोकतान्त्रिक संवादको स्थान कमजोर बन्दै जान्छ जुन कुनै पनि राष्ट्रको दीर्घकालीन सुरक्षाका लागि अनुकूल अवस्था होइन ।

वर्तमान युगमा  राष्ट्रिय सुरक्षाको बहसलाई केवल सेना, प्रहरी वा सीमाको सुरक्षामा सीमित राख्नु पर्याप्त हुँदैन । राष्ट्रिय सुरक्षा भनेको राज्य र नागरिकबिचको विश्वासको सम्बन्ध हो । कानुन सबैका लागि समान रूपमा लागू हुने व्यवस्था, निष्पक्ष प्रशासन, उत्तरदायी राजनीतिक नेतृत्व, सक्षम न्यायपालिका, व्यावसायिक सुरक्षा निकाय र सक्रिय नागरिक समाज सबै मिलेर मात्रै सुरक्षित राष्ट्रको निर्माण सम्भव हुन्छ । राष्ट्रिय सुरक्षालाई सुदृढ बनाउन अब नेपालले प्रतिक्रियात्मक सुरक्षाभन्दा रोकथाममुखी (Preventive Security) र मानव सुरक्षा (Human Security) मा आधारित समग्र सुरक्षा दृष्टिकोण अपनाउन आवश्यक छ । कुनै घटना घटेपछि मात्र राज्य संयन्त्र सक्रिय हुने प्रवृत्तिले दीर्घकालीन समाधान दिन सक्दैन । विश्वका धेरै लोकतान्त्रिक मुलुकहरूले राष्ट्रिय सुरक्षाको अवधारणालाई सामुहिक जिम्मेवारिको दिशामा रूपान्तरण गरिरहेका छन। फिनल्यान्डले "Comprehensive Security" को अवधारणा अपनाउँदै सरकार, निजी क्षेत्र, सञ्चारमाध्यम, शैक्षिक संस्था र नागरिक समाजले संयुक्त रूपमा राष्ट्रिय सुरक्षामा योगदान पुऱ्याउने व्यवस्था विकास गरिएको छ । सिङ्गापुरले पनि सामाजिक सद्भाव, कडा कानुनी शासन, नागरिक शिक्षा तथा संस्थाप्रतिको विश्वासलाई राष्ट्रिय सुरक्षाको आधार बनाएको छ । कुनै पनि राज्यको बलियो सुरक्षा भनेको  बलियो सेना होइन, सभ्य र बलियो समाज पनि हो ।

नेपालमा पनि स्थानीय तहसम्म प्रारम्भिक द्वन्द्व चेतावनी प्रणाली (Early Warning System) विस्तार गर्न आवश्यक छ । समुदाय, स्थानीय सरकार, सुरक्षा निकाय र नागरिक समाजबिच नियमित सूचना आदान-प्रदान तथा सहकार्यको व्यवस्था भएमा धेरै सामाजिक तनाव हिंसात्मक रूप लिनुअघि नै समाधान गर्न सकिन्छ । सामाजिक सञ्जालमा फैलिने गलत सूचना तथा घृणाजन्य सामग्रीको तथ्यमा आधारित खण्डन गर्ने विश्वसनीय सार्वजनिक सञ्चार प्रणाली पनि विकसित गर्नुपर्ने जरुरी भइसकेको छ । विद्यालय तथा विश्वविद्यालयमा पाठ्यसामाग्रीको रुपमा  नागरिक शिक्षा, संविधान, विधिको शासन, वैज्ञानिक सोच, डिजिटल साक्षरता तथा सामाजिक सद्भावसम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्नुपर्छ । लोकतन्त्रको रक्षा संविधानको मूल्य र मान्यता  बुझ्न सक्ने नागरिकले मात्र गर्छन् । शिक्षाबाट नै सहिष्णुता, आलोचनात्मक सोच र जिम्मेवार नागरिकताको विकास गरिनु आवश्यक छ । राजनीतिक दलहरूले पनि अल्पकालीन राजनीतिक लाभभन्दा राष्ट्रिय स्थायित्वलाई प्राथमिकतामा राख्ने संस्कृतिको विकास गर्नुपर्छ । हरेक संवेदनशील घटनालाई दलगत दृष्टिकोणबाट मात्र व्याख्या गर्ने प्रवृत्तिले समाजलाई थप आक्रोशित बनाउँछ । राष्ट्रिय सुरक्षासँग सम्बन्धित विषयमा सरकार र प्रतिपक्षबिच न्यूनतम साझा समझदारी (national Consensus) निर्माण हुनु जरुरि भएको छ ।  संवेदनशील घटनाहरूको निष्पक्ष अनुसन्धान, दोषीमाथि कानुनअनुसार कारबाही तथा दण्डहीनताको अन्त्य पनि राष्ट्रिय सुरक्षाको महत्वपूर्ण आधार हो । राष्ट्रिय सुरक्षा चुनौतिलाई नियन्त्रण गर्नका लागि कुनै पनि राज्यले जलवायु सुरक्षा, खाद्य सुरक्षा, ऊर्जा सुरक्षा, साइबर सुरक्षा तथा आर्थिक सुरक्षालाई राष्ट्रिय सुरक्षा नीतिको अभिन्न अङ्गका रूपमा संस्थागत गर्नुपर्छ । जलवायु परिवर्तनका कारण बढ्दै गएको प्राकृतिक विपद्, साइबर अपराध, वित्तीय प्रणालीमाथिका डिजिटल जोखिम तथा आर्थिक असमानताले भविष्यमा राष्ट्रिय सुरक्षामा प्रत्यक्ष प्रभाव पार्ने सम्भावना बढ्दै गएको छ । विश्व आर्थिक मञ्च (World Economic Forum) ले पनि सामाजिक ध्रुवीकरण, गलत सूचना, जलवायु जोखिम तथा कमजोर संस्थागत विश्वासलाई आगामी दशकका प्रमुख जोखिमका रूपमा औँल्याएको छ । राज्यका सबै निकायको व्यावसायिकता सुदृढिकरण गर्दै प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, अनुसन्धान निकाय तथा प्रशासनिक संयन्त्रले कानुन, संविधान र राष्ट्रिय हितप्रति मात्र उत्तरदायी हुने संस्थागत संस्कृतिको निरन्तर विकास आवश्यक छ । प्रत्येक नागरिकले पनि सुरक्षा निकायलाई संवैधानिक संस्थाका रूपमा सम्मान गर्ने संस्कृतिको विकास गर्नुपर्छ ।

अब नेपालमा राष्ट्रिय एकता, उत्तरदायी नेतृत्व, संस्थागत विश्वास र साझा राष्ट्रिय उद्देश्यको पुनर्निर्माण जरुरी भैसकेको छ । सामाजिक ध्रुवीकरण, गलत सूचना, आर्थिक असुरक्षा, संस्थागत कमजोरी तथा कानुनप्रतिको घट्दो सम्मानलाई समयमै सम्बोधन गर्न सकिएन भने अबका चुनौतीहरू भविष्यमा राष्ट्रिय सुरक्षाका गम्भीर जोखिमका रुपमा देखा पर्नेछन् । राष्ट्रिय सुरक्षा कुनै पनि देशको सरकार, राजनीतिक दल, न्यायपालिका, सञ्चारमाध्यम, शैक्षिक संस्था, धार्मिक नेतृत्व, नागरिक समाज, निजी क्षेत्र र प्रत्येक नागरिकको साझा दायित्व हो । समृद्ध, शान्तिपूर्ण र सुरक्षित नेपाल निर्माणका लागि राष्ट्रिय सुरक्षा, मानव सुरक्षा, लोकतान्त्रिक सुशासन, आर्थिक लचिलोपन र सामाजिक एकतालाई परस्पर पूरक अवधारणाका रूपमा अघि बढाउनु अपरिहार्य छ । २१औँ शताब्दीमा नेपालको वास्तविक सुरक्षा नागरिकको विश्वास, उत्तरदायी शासन र एकताबद्ध समाजबाट सुनिश्चित हुनेछ ।

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



काठमाडौँ । धितोपत्र बजारमा सेयर कारोबार मापन गर्ने नेप्से परिसूचक मंगलबार दोहोरो अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २१ दशमलव १५ अङ्कले घटेर दुई हजार ६६३ दशमलव १८  अङ्कमा झरेको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ६६ अङ्कले घटेर ४६७ दशमलव ९६ पुगेको छ । त्यस्तै फ्लोट सूचक एक दशमलव ४० अङ्कले घटेर १८३ दशमलव ३३ मा पुगेको छ भने सेन्सेटिभ फ्लोट सूचक एक दशमलव आठ अङ्कले घटेर १५८ दशमलव ५७ मा पुगेको छ ।

विभिन्न कम्पनीका एक करोड सात लाख ६१ हजार ३९६ कित्ता सेयर रु चार अर्ब सात करोड आठ लाख ५३ हजार ६१० मा खरिद बिक्री भएको छ । आज १३ उपसमूहमध्ये १३ वटै उपसमूह घटेका छन् । आज ५९ कम्पनीको सेयर मूल्य वृद्धि भएको छ भने २१३ कम्पनीको सेयर घटेको छ । साथै पाँच कम्पनीको सेयर मूल्य स्थिर छ ।

नेप्सेका अनुसार एभरेष्ट कलर लिमिटेड, खानीखोला हाइड्रोपावर कम्पनी, जोशी हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन् । सप्तकोशी डेभलपमेन्ट बैंक, केबिएल डिबेञ्चर, गुडविल फाइनान्स लिमिटेड डिबेञ्चरलगायत लगानीकर्ताले गुमाएका छन् ।

# यस्ता छन् च्याउका फाइदा

च्याउ जति स्वादिलो हुन्छ, यो स्वास्थ्यका लागि पनि उत्तिकै फाइदाजनक हुन्छ । च्याउको सेवनले शरीरमा कोलेस्ट्रोलको मात्रा सन्तुलित बनाउनेदेखि लिएर स्तन क्यान्सर तथा प्रोस्टेट क्यान्सरको जोखिम कम गर्ने र मधुमेहको खतरालाई घटाउने विभिन्न अध्ययनहरूले देखाएका छन् ।

मोटोपन घटाउनदेखि लिएर शरीरको रोग प्रतिरोधी क्षमता बढाउनमा पनि च्याउ सहयोगी हुने पोषणविद् केपी लम्साल बताउँछन् ।

उनका अनुसार च्याउ स्वास्थ्यका लागि अत्यन्तै लाभदायक र पोषक तत्त्वले भरिपूर्ण खानेकुरा हो ।

यसमा पर्याप्त मात्रामा भिटामिन 'बी', फाइबर, पोटासियम र एन्टिअक्सिडेन्टहरू पाइन्छन्, जसले शरीरलाई विभिन्न रोगहरूबाट जोगाउन मद्दत गर्छन् ।



**स्वास्थ्यका लागि च्याउका मुख्य फाइदाहरू:**

रोग प्रतिरोधात्मक क्षमता बढाउनेः च्याउमा एर्गोथियोनाइन जस्ता शक्तिशाली एन्टिअक्सिडेन्ट र प्राकृतिक एन्टिबायोटिक गुण हुन्छन्, जसले शरीरको प्रतिरोधी क्षमता (इम्युनिटी) बढाउन मद्दत गर्छन् ।

**रक्तचाप नियन्त्रण गर्नेः**

यसमा पोटासियम बढी र सोडियम कम हुने भएकाले यसले रक्तचाप नियन्त्रण गर्न र मुटुलाई स्वस्थ राख्न सहयोग पुऱ्याउँछ ।

**तौल घटाउन सहयोगीः**

च्याउमा उच्च प्रोटिन, प्रशस्त फाइबर र कम क्यालोरी/कोलेस्ट्रोल हुन्छ । यसले धेरै समयसम्म पेट भरिएको महसुस गराई मोटोपन नियन्त्रण गर्न मद्दत गर्छ ।

**रक्तअल्पताबाट बचाउनेः**

च्याउमा पाइने आइरन र कपरले शरीरमा रगतको कमी हुन दिँदैन । तसर्थ, रक्तअल्पता (एनिमिया) का बिरामीका लागि यो निकै उपयोगी छ ।

विभिन्न अनुसन्धानका अनुसार च्याउको नियमित सेवनले क्यान्सर जस्ता प्राणघातक रोगको जोखिमलाई न्यूनीकरण गर्न सघाउँछ ।

**ऊर्जा र मानसिक स्वास्थ्यः**

यसमा पाइने भिटामिन 'बी' ले खानालाई ऊर्जामा बदल्न र स्नायु प्रणालीलाई स्वस्थ राख्न महत्वपूर्ण भूमिका खेल्छ ।

स्वास्थ्य खबरबाट

# तुलसीपुर उप-महानगरपालिकाको लक्ष्यअनुसार राजस्व सङ्कलन कठिन

दाङ । तुलसीपुर उप-महानगरपालिकाले लक्ष्य अनुसारको राजस्व असुली गर्न सकेको छैन ।

आर्थिक वर्ष २०८२/८३ मा उक्त नगरपालिकाले रु ७२ करोड १५ लाख राजस्व जम्मा गर्ने लक्ष्य राखेको थियो । गत भदौ २३ र २४ को जेनजी आन्दोलनमा उप-महानगरपालिकाको भवन जलेर क्षतिग्रस्त भएपछि लक्ष्य अनुसारको राजस्व जम्मा हुन कठिन भएको सूचना अधिकारी यज्ञबहादुर केसीले बताए ।

उप-महानगर पालिकाले आर्थिक वर्ष २०८२/८३ जम्मा रु ४१ करोड ७६ लाख ९० हजार ७० राजस्व सङ्कल गरेको छ । सम्पत्ति करबाट रु एक करोड ९५ लाख ९९ हजार २११, भूमिसम्बन्धी करबाट रु दुई करोड ४० लाख १० हजार ३६९, नदीजन्य पदार्थ ठेक्काबाट रु एक करोड ५२ लाख ९६ हजार १३२ र मालपोत करबाट रु १६ करोड ९१ लाख ९० हजार ६७४ राजस्व जम्मा गरिएको थियो ।




अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा उपमहानगरपालिकाले रु ३६ करोड ७१ लाख राजस्व सङ्कलन गरेको थियो । उपमहानगरले सरसफाइ, पर्यटन, नक्सा पास, व्यवसाय, घर बहाल, सम्पत्ति करलगायत शीर्षकबाट राजस्व सङ्कलन गर्दै आएको छ ।

# भूमिगत विद्युतीकरणअन्तर्गत ११ केभी लाइन 'चार्ज' गरिँदै

चितवन । भरतपुरमा भूमिगत विद्युतीकरणको क्षेत्रमा रहेका ११ केभी क्षमताको भूमिगत केवल तथा ओभरहेड प्रसारण 'लाइन चार्ज' सुरुआत गरिएको छ । नेपाल विद्युत् प्राधिकरणअन्तर्गतको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाले परीक्षण तथा सञ्चालनका लागि पहिलो पटकआज बिहानदेखि चार्ज (विद्युत् प्रवाह) गरेको हो ।

आयोजना प्रमुख आनन्द सुवेदीका अनुसार आँपटारी सब-स्टेसनदेखि सुरु भई आँपटारी चोक, पोखरा बसपार्क, लिला चोक, पुलचोक, न्युरोड हुँदै नारायणी नदी किनारसम्मको क्षेत्रमा निर्माण सम्पन्न भएका ११ केभी भूमिगत तथा ओभरहेड प्रसारण चार्ज गरिने छ ।

विद्युत् लाइन पहिलोपटक चार्ज गर्दा सुरक्षा जोखिम हुनसक्ने भएकाले उपभोक्तालाई विशेष सावधानी अपनाउन उनले आग्रह गरे । उक्त क्षेत्रमा रहेका विद्युतीय पोल, ट्रान्सफर्मर, फिडर पिल्लर बक्स तथा अन्य विद्युतीय उपकरण वा संरचनालाई



नछुन र टाढै रहन उनले आग्रह गरे ।

त्यसैगरी, भूमिगत केवल बिछ्याइएको मार्गमा पैदल यात्रा वा सवारीसाधन आवतजावत गर्दा उच्च सतर्कता अपनाउन, बालबालिकालाई विद्युतीय संरचनाको नजिक जान वा खेल्न नदिन अभिभावकहाई आयोजनाले अनुरोध गरेको छ ।

प्रमुख सुवेदीले भने-"चार्ज लर्न लागिएको क्षेत्रमा अनुमतिबिना कुनै पनि प्रकारको उत्खनन गर्ने, खाल्डो खन्ने वा तार काट्नेजस्ता कार्यहरू गर्नुहुँदैन ।" भूमिगत तार बिच्छ्याउने काम सकिएसँगै विद्युत् प्रवाहका लागि 'चार्ज' गर्न थालिएको हो ।

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सेवाग्राही बढ्दै




दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा सोमबार एक हजारभन्दा बढी सेवाग्राहीले स्वास्थ्य सेवा लिएका छन् ।

प्रतिष्ठानका सूचना अधिकारी निशान भट्टराईका अनुसार एकैदिन एक हजार २८५ जनाले स्वास्थ्य सेवा लिएका हुन् । यो संख्या प्रतिष्ठान स्थापनायता एकैदिन सेवा लिने बिरामीमध्ये सबैभन्दा धेरै भएको जनाइएको छ ।

प्रतिष्ठानका अनुसार एक हजार १८० जनाले बहिरङ्ग (ओपिडी) सेवा लिएका छन् भने ५१ जनाले आकस्मिक सेवामार्फत उपचार गराएका छन् । साथै, ५४ जना नयाँ बिरामी अस्पतालमा भर्ना भएका छन् ।

आकस्मिक सेवाबाट उपचार गराउनेमध्ये २६ जना पुरुष र २५ जना महिला छन् । यस्तै, ओपिडीमा ४३५ पुरुष र ७४५ महिला उपचारका लागि आएका थिए । स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत ४४६ जनाले सेवा लिएको प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानका निर्देशक डा. सुरेश रसाइलीले बिरामीको बढ्दो चापले प्रतिष्ठानप्रतिको जनविश्वास बढ्दै गएको सङ्केत गरेको बताए । विशेषज्ञ चिकित्सक, दक्ष स्वास्थ्यकर्मी, आधुनिक स्वास्थ्य उपकरण तथा सेवा विस्तारका कारण दाङसहित छिमेकी जिल्लाबाट पनि ठूलो संख्यामा बिरामी उपचारका लागि प्रतिष्ठान आउने गरेको उनको भनाइ छ ।

बिरामीको चाप बढे पनि चिकित्सक, नर्स तथा अन्य स्वास्थ्यकर्मीले निरन्तर सेवा प्रवाह गरिरहेको र सहज, प्रभावकारी तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक व्यवस्थापनलाई थप सुदृढ बनाइएको प्रतिष्ठानले जनाएको छ ।

**सुकुम्वासी...**

आङदेम्बेले गर्भवती महिला, सुत्केरी, शिशु, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दीर्घरोगीको छुट्टै सूची बनाउन, उनीहरूलाई आवश्यक पोषण, नियमित औषधि, मातृशिशु सेवा र मनोसामाजिक परामर्श उपलब्ध गराउन पनि सरकारसंग माग गरेका छन् ।

यस्तै बालबालिकाको शिक्षा तुरुन्त निरन्तर गरिनुपर्ने, उनीहरूलाई पुरानै विद्यालयमा पढ्न निःशुल्क यातायातको व्यवस्था गरिनुपर्ने, नष्ट भएका पुस्तक, कापी, पोशाक र प्रमाणपत्र सरकारले उपलब्ध गराइनुपर्ने र परिवारको सहमतिबिना विद्यालय परिवर्तन गर्न बाध्य पार्न नहुने माग गरेका छन् ।

'२५ हजार रुपैयाँ दिएर राज्य आफ्नो जिम्मेवारीबाट मुक्त हुन मिल्दैन, डोजर, स्थानान्तरण र बाढीका कारण भएको क्षतिको वास्तविक मूल्याङ्कन हुनुपर्छ । घरायसी सामान, औजार, औषधि, शैक्षिक सामग्री र जीविकोपार्जनको क्षतिका आधारमा उचित क्षतिपूर्ति दिइयोस्,' आङदेम्बेले भने-'सरकारले स्थायी समाधानको समयसीमा घोषणा गर्नुपर्छ । वास्तविक भूमिहीन, भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान तथा प्रमाणीकरण छिटो सम्पन्न गरियोस् र योग्य परिवारलाई सरकारले गरेको प्रतिबद्धताअनुसार लालपुर्जा, सुरक्षित आवास, सामाजिक आवास वा अन्य उपयुक्त विकल्प दिइयोस् ।'

कांग्रेस संसदीय दलका नेता आङदेम्बेका अनुसार सबैलाई एउटै रूपमा हेरेर समस्या समाधान हुँदैन । वास्तविक भूमिहीन को हो, जग्गा भएर पनि दाबी गर्ने को हो, जोखिमयुक्त स्थानमै सुधार सम्भव छ कि छैन, अर्को स्थानमा पुनर्वास गर्नुपर्ने हो कि होइन, प्रत्येक परिवारको अवस्था छुट्टाछुट्टै हेर्नुपर्छ ।

उनले भनेका छन्-'गरिब, विपन्न असहाय नागरिकलाई एक ठाउँबाट अर्को ठाउँमा जवरजस्ती सारेर समस्या समाधान हुँदैन । डोजरले घर भत्काउन सक्छ, तर समस्या समाप्त गर्न सक्दैन ।'

राज्यले नागरिक र नागरिकको अधिकारको संरक्षण गर्ने भएको उल्लेख गर्दै उनले थपेका छन्-'उपायविहीन, अलपत्र र जोखिममा रहेका नागरिकलाई संविधानले प्रत्याभूत गरेको संरक्षणको छहारीभित्र ल्याउनु राज्यको कर्तव्य हो । ति निमुखा नागरिकको संवेदना र आत्मसम्मानमाथी पटक-पटकको आक्रमण राज्यको सफलता होइन ।'

त्यसैले सुकुमवासीमाथि राज्यले जे जस्तो व्यवहार गर्‍यो ती नागरिकसँग सरकारले माफी माग्नुपर्ने उनको आग्रह छ । दीर्घकालिन समाधानका लागि तत्काल कानून तर्जुमा गरी तिन तहको समन्वयमा विधिसम्मत र सम्मानजनक बाटो अबलम्बन गर्नुपर्ने उनको माग छ ।

'वास्तविक सुकुमवासी र जोखिम क्षेत्रमा रहेकालाई राज्यले पहिचान गरी प्राथमिकरण सहित अन्यत्र उपयुक्त स्थानमा स्थानान्तरण र पुनर्स्थापना गरोस' उनले भने ।

शक्तिको आडमा प्राकृतिक स्रोत र सार्वजनिक क्षेत्रको अतिक्रमण गरेका, हदबन्दीभन्दा बढी जग्गा राख्नेहरूको विवरण सार्वजनिक गरी अतिक्रमित भएको, कब्जा गरेको, हदबन्दीभन्दा बढी राखेको जग्गा कानुसम्मत रुपमा नेपाल सरकारको नाममा ल्याउन र ति जग्गामा संवेदनशील क्षेत्रमा बसोबास गरेका वास्तविक भूमिहीनको व्यवस्थापनमा प्रयोग गर्न उनको आग्रह छ ।

वन क्षेत्र र सार्वजनिक क्षेत्रको अतिक्रमण गर्ने समस्या सदाका लागि समाधान गर्न पनि उनको माग छ । यो प्रस्तावको उद्देश्य सरकारलाई दोष लगाएर छलफल समाप्त गर्नका लागि नल्याइएको भन्दै उनले भनेका छन्, 'म आग्रह गर्न चाहन्छु-सरकारले सात दिनभित्र एकीकृत कार्ययोजना सार्वजनिक गरोस् ।'

सम्बन्धित संसदीय समितिले त्यसको नियमित अनुगमन गर्नुपर्ने भन्दै उनले थपे-'सरकारले प्रत्येक पन्ध्र दिनमा प्रगति विवरण समितिमा पेश गरोस् र समस्या समाधान नभएसम्म मासिक रूपमा सदनलाई जानकारी गराओस् ।'

यो प्रस्तावको महत्व दर्शाउँदै उनले भनेका छन्-'सरकारले जब बाटो विराउछ तर संसदले बाटो देखाउनुपर्छ । यो सिंगो सदनको सामुहिक जिम्मेवारी हो । यही अपेक्षासहित यो प्रस्तावमा सदनमा छलफल होस र प्रस्तावलाई स्वीकार गरी सदसनबाट सरकारलाई स्पष्ट समयसीमासहित निर्देशन होस् ।'

सुकुमवासी र अव्यवस्थित बसोवासीलाई तत्काल लालपुर्जा देऊ : अर्याल

नेकपा (एमाले) संसदीय दलकी उपनेता पद्मा अर्यालले पहिचान भइसकेका १२ लाखभन्दा बढी भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीलाई तत्काल लालपुर्जा वितरण गर्न सरकारसँग माग गरिन् । अर्यालले सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्नु केवल राजनीतिक विषय मात्र नभई सामाजिक न्यायको महत्वपूर्ण मुद्दा भएको बताइन् ।

भूमिसम्बन्धी ऐनको सातौँ र आठौँ संशोधनमार्फत भूमिहीन र सुकुमवासी व्यवस्थापनका लागि बलियो कानुनी आधार तयार पारिएको उल्लेख गर्दै अर्यालले विगतमा न्यायिक निकायबाट उठेका प्रश्नहरूको सम्बोधन गर्दै सरकार अगाडि बढेको स्मरण गराइन् ।

उनका अनुसार मन्त्रालयको पछिल्लो तथ्याङ्कले देशभर १२ लाख १२ हजार भूमिहीन र अव्यवस्थित बसोवासीको पहिचान भइसकेको देखाउँछ, जसलाई धेरै स्थानीय तहले प्रमाणित समेत गरिसकेका छन् । उनले देशमा पहिलोपटक भू-नीति र भू-उपयोग कानून निर्माण भई जग्गा वर्गीकरणको दिशामा काम भइरहेको जानकारी दिँदै अब सरकारले पहिचान भइसकेका परिवारलाई लालपुर्जा वितरण गर्न विलम्ब गर्न नहुनेमा जोड दिइन् ।

सुकुमवासी र अव्यवस्थित बसोवासीको समस्यालाई एकैसाथ सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले बाँकी रहेकाहरूको पहिचान कार्यलाई पनि शिघ्र अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराइन् । उनले भनिन्-'नेपालको संविधानले भूमिहीन सुकुमवासी र दलितहरूका लागि आवासको अधिकारलाई मौलिक हकका रूपमा स्पष्ट व्यवस्था गरेको छ। त्यसैले यो समस्याको समाधान गर्नु भनेको संविधानको भावनालाई व्यवहारमा कार्यान्वयन गर्नु हो । २०५१ सालमा मनमोहन अधिकारी नेतृत्वको सरकारले ९ महिनाको छोटो अवधिमै ५८ हजार र २०५५ सालमा २३ हजार लालपुर्जा वितरण गरेको थियो । बीचमा कानूनी अड्चनका कारण केही ढिलाइ भए पनि २०७६ सालमा नयाँ कानुन निर्माण भएपछि यो प्रक्रियाले पुनः तिब्रता पाएको छ ।'

**आवासको मौलिक हक खोस्ने अधिकार सरकारलाई छैन : दुलाल**

नेपाली कम्युनिष्ट पार्टीका प्रमुख सचेतक युवराज दुलालले सुकुमवासी बस्तीहरूमा पूर्वतयारी बिना डोजर चलाइएको घटनालाई राज्यका तर्फबाट भएको अमानवीय कार्यको संज्ञा दिए । प्रमुख सचेतक दुलालले गत वैशाखमा सुकुमवासी बस्तीमा भएको भौतिक तथा मानवीय क्षतिप्रति दुःख व्यक्त गरे ।

दुलालले लोकतान्त्रिक गणतन्त्रमा नागरिकको मानव अधिकार र मौलिक हक सर्वोपरी हुने उल्लेख गरे । सरकारले अहिले वितरण गरिरहेको लालपुर्जा पूर्ववर्ती सरकारको पालामा तयार भएको दाबी गर्दै उनले सरकार अविच्छिन्न उत्तराधिकारी संस्था भएको स्मरण गराए । भूमिहीन र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्दा तातै खाउँ जल्दी मरुँ भन्ने प्रवृत्ति त्याग्न उनले सरकारलाई सुझाव दिए । जीविकोपार्जनको आधार नहुँदा एकीकृत बस्ती एकातिर र खेतीपाती अर्कोतिर भई नागरिकहरू समस्यामा परेको उनको तर्क छ ।

प्रमुख सचेतक दुलालले आवास, खाद्य सुरक्षा, शिक्षा र स्वास्थ्य जस्ता मौलिक हक खोस्ने अधिकार दुई तिहाइको शक्तिशाली सरकारलाई पनि नभएको स्पष्ट पारे । उनले नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बेद्वारा सदनमा प्रस्तुत 'जरुरी सार्वजनिक महत्वको प्रस्ताव' मा आफ्नो दलको पूर्ण समर्थन रहेको घोषणा गरे । उक्त प्रस्तावमा वास्तविक भूमिहीन र सुकुमवासीको पहिचान गरी उनीहरूको संरक्षण, सुरक्षित आवास, जीविकोपार्जनको सुनिश्चितता र यथाशीघ्र लालपुर्जा वितरणको माग गरिएको छ । प्रमुख सचेतक दुलालले उक्त प्रस्तावलाई सदनबाट सर्वसम्मतिले पारित गरी सरकारलाई आवश्यक निर्देशन दिन समेत अपिल गरे ।

उनले भने-'हामी लोकतान्त्रिक गणतन्त्रमा छौँ, जहाँ मानवअधिकारभन्दा ठूलो अरू केही हुँदैन । संविधानले सुरक्षित गरेका नैसर्गिक अधिकारहरू नागरिकको संख्यामा गणना हुँदैनन् । धनी होस् वा सुकुमवासी, राज्यको दृष्टिकोणमा सबैको मानवीयता र अधिकार बराबर हुनुपर्छ । अहिलेका मन्त्रीहरूले जुन ठाउँमा पुगेर लालपुर्जा बाँडिरहनुभएको छ, त्यो पूर्ववर्ती सरकारले तयार गरेको आधारमा मात्र सम्भव भएको हो । एउटा सरकारले गरेको कामलाई अर्कोले निरन्तरता दिनु स्वाभाविक भए पनि यसको श्रेय लिँदा विगतको प्रयासलाई बिर्सनु हुँदैन ।'

**वर्षौंदेखि बसोवास गरेकै जग्गाको लालपूर्जा देउ : राई**

श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आर्यन राईले वास्तविक भूमिहीन र सुकुमवासी समस्याको दीर्घकालीन समाधानका लागि सरकारको ध्यानाकर्षण गराए । सांसद राईले सुकुमवासी समस्यालाई राजनीतीकरण गर्नुभन्दा पनि समाधानमुखी भएर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

सरकारले विना तयारी र अस्पष्ट ढंगले कदम चाल्दा नागरिकमा त्रास फैलिएको बताए। छलफलका क्रममा उनले भूमि ऐनमा सुधारको आवश्यकता औंल्याउँदै देशका ७७ वटै जिल्लामा विद्यमान भूमिसम्बन्धी जटिलताका बारेमा मन्त्रीको ध्यानाकर्षण गराए ।

विशेषगरी बाढी र पहिरोका कारण जमिन गुमाएका तर लालपुर्जामा अझै जग्गाधनी कायम रहेका कारण 'कानूनी रूपमा जग्गाधनी तर व्यावहारिक रूपमा सुकुमवासी' बनेका नागरिकको समस्या समाधान गर्न उनले आग्रह गरे । साथै, सरकारले सडक विस्तारका लागि अधिग्रहण गरेको जग्गाको समेत नागरिकले कर तिरिरहनुपर्ने विडम्बनापूर्ण अवस्थाको अन्त्य गर्न उनले माग गरे ।

नागरिकको संवैधानिक अधिकार र आवासको हकविपरित भएको उक्त निर्णयलाई तत्काल पुनर्विचार गरी बदर गर्न उनले माग गरे । वर्षौंदेखि बसोवास गर्दै आएका स्थानीयलाई सोही जमिनको धनीपुर्जा उपलब्ध गराई उनीहरूको गाँस, बास र कपासको अधिकार सुरक्षित गर्न राईले सरकार र सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराए ।

उनले भने-'जग्गा सरकारको भए पनि नागरिक पनि यही देशका नागरिक हुन् । त्यसैले उनीहरूसँग राज्यले मानवीय, न्यायोचित र जिम्मेवार व्यवहार गर्नुपर्छ । नेपालले विगतमा अन्य देशबाट आएका मानिसलाई समेत आश्रय दिएको इतिहास बोकेको छ भने आफ्नै नागरिकप्रति अमानवीय व्यवहार हुनु कदापि उचित हुँदैन ।'

**सुकुमवासी समस्या समाधान राज्यको साझा दायित्व : चौधरी**

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अशोककुमार चौधरीले भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासीको समस्यालाई कुनै दल वा सरकारको मात्र मुद्दा नबनाई राज्यको साझा दायित्वका रूपमा ग्रहण गर्नुपर्नेमा जोड दिए । सांसद चौधरीले नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने र उपयुक्त आवासको हक सुनिश्चित गरेको स्मरण गराए । विगतमा गठन भएका भूमि सम्बन्धी आयोगहरूले अपेक्षाअनुसार काम गर्न नसकेको स्वीकार गर्दै उनले वर्तमान सरकारले सुकुमवासी समस्यालाई विस्थापित गर्ने नभई दीर्घकालीन व्यवस्थापनतर्फ कदम चालेको बताए ।

भूमि आयोगमार्फत हालसम्म झापाको बुद्धशान्ति, अर्जुनधारा, कनकाई, बर्दियाको बढैयाताल, चितवनको इच्छाकामना र डडेलधुराको अजयमेरुलगायतका स्थानीय तहमा १० हजार ३३ थान लालपुर्जा वितरण गरिसकिएको जानकारी समेत उनले सदनलाई गराए ।

उनले भने-'संविधानको धारा ३७ ले आवासको हक, धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हक र धारा १८ ले समानताको हक प्रदान गरेको छ। तसर्थ, वास्तविक भूमिहीनलाई जग्गाको स्वामित्व दिलाउनु संविधान कार्यान्वयनकै एक महत्वपूर्ण पाटो हो ।'

सांसद चौधरीले केही स्थानीय तहका पदाधिकारीहरूको राजनीतिक पूर्वाग्रहका कारण वास्तविक सुकुमवासीको नाम दर्ता प्रक्रियामा अवरोध पुगेको भन्दै यस्तो व्यवहार सुधार गर्न आग्रह गरे। सुकुमवासी पहिचान र जग्गा वितरण प्रक्रियालाई पारदर्शी बनाउनुपर्नेमा उनको जोड छ ।

**सुनसरी...**

नेपाली कांग्रेसका सचेतक निश्कल राईले सुनसरीसहित तराई-मधेसमा भएको धार्मिक तनावको विषयमा निष्पक्ष अनुसन्धान गरि सुरक्षा कमजोरी र राज्यको भूमिकासहितको प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गरेका छन् । प्रतिनिधि सभाको मंगलबारको बैठकमा बोल्दै राईले सम्प्रादायिक सद्भाव खल्बल्याउने गरी सामाजिक सञ्जालमार्फत् अफबाह फैल्याउनेमाथि कानुनी कारबाही गर्न माग गरे । उनले धर्मका नाममा हुने द्वन्द्वले अन्ततः कुनै पनि धर्मलाई विजयी नबनाई मानवतालाई नै पराजित गर्ने इतिहास रहेको पनि स्मरण गराए ।

कुनै पनि धर्मलाई शंकाको घेरामा नराख्न समेत उनले सरकारको ध्यानाकर्षण गराए । सरकारलाई खुला, पारदर्शी र सहयोगी बन्न उनको आग्रह छ । सचेतक राईले सुनसरी घटनापछि सरकार र आन्दोलनरत एक पक्षबिच भएको १३ बुँदे सहमतिप्रति पनि प्रश्न उनले उठाए ।

'सरकार र एउटा आन्दोलनरत पक्षबीच भएको १३ बुँदे सहमतिले केही गम्भीर प्रश्न उठाएको छ। म कुनै पनि पक्षको मागलाई पूर्वाग्रहपूर्वक अविश्वास गर्न चाहन्न । तर धर्म राज्यको संवैधानिक चरित्र, नागरिकता, धार्मिक संस्थासँग सम्बन्धीत विषयहरू कुनै एउटा पक्षसँग माग सहमति गरेर पुग्दैन,' उनले भने-'यस्ता प्रश्नमा सरकार सबै नागरिकको साझा अभिभावकको रुपमा देखिनुपर्छ ।'

धर्म, नागरिकता र धार्मिक संस्थासँग सम्बन्धित विषयमा कुनै एक पक्षसँग मात्र सहमति गरेर समाधान खोज्दा अर्को पक्ष असन्तुष्ट वा असुरक्षित महसुस गर्ने कुरामा सरकार सचेत हुनुपर्ने उनको भनाइ थियो । धर्मनिरपेक्ष राज्यको संवैधानिक चरित्र, नागरिकता र धार्मिक संस्थासँग सम्बन्धित विषयमा सरकारले सबै नागरिकको साझा अभिभावकको भुमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिए ।

**ओली ...**

एमाले उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल बागमती, लुम्बिनी र कोशी गरी तीनवटै प्रदेशमा संसदीय दलको नेतालाई मुख्यमन्त्री बनाउन ओलीसँग अडानमा रहेका थिए । एमालेका एक सचिवका अनुसार नेताहरूसँग सहमत भएका ओली भित्रभित्रै प्रदेश सांसदहरूलाई 'कन्भिन्स' गराउन लागेका थिए । आफूनिकटका नेताहरूलाई मुख्यमन्त्री बनाउने ओलीको रणनीतिअनुसार सोमबार बागमती प्रदेशका १७ जना सांसदहरू गुण्डुमा भेला भएका थिए । बागमती प्रदेशमा एमालेका २५ जना सांसद छन् ।

एमाले सचिव महेश बस्नेत, बागमती प्रदेश अध्यक्ष कैलाश ढुंगेल र उपाध्यक्ष दावा दोर्जे लामासहित सांसदहरूको भेलामा कसलाई मुख्यमन्त्री बनाउने भन्ने चर्को विवाद भएको थियो । भक्तपुर २ को (क) बाट २०७९ को चुनाव जितेका किरण थापामगरलाई बागमती प्रदेशको मुख्यमन्त्री बनाउन ओलीले 'लबिङ' गरेका थिए । ओलीले यसका लागि सचिव महेश बस्नेतलाई जिम्मेवारी दिएको र सोही रणनीतिअनुसार सोमबार राति गुण्डुमा छलफल भएको एमाले नेताहरूले बताएका छन् ।

'७ बजेदेखि १२ बजेसम्म गुण्डुमा छलफल भएको हो । यो छलफल जेएन कमरेडलाई अपमानित र निरुत्साहित गर्ने पूर्वयोजनाअनुसार गरिएको रहेछ' -छलफलमा सहभागी एक प्रदेश सांसदले भने-'अति ह्युमिलिएट भएपछि उहाँ उठ्नुभयो, केही बोलेर बाहिर निस्किँदै हुनुहुन्थ्यो प्रेसर बढेर ढोकामा ढल्नुभयो ।'

जेएन ढलेको देखेपछि ओली झन् आक्रोशित हुँदै बोलेको नेताहरू बताउँछन् । 'यहाँ भएको सामान्य छलफल त सहन नसक्नेले के प्रदेशको दबाब थेग्न सक्छ ? कसरी प्रदेश सरकार चलाउन सक्छ ? यो सेरिएर मर्ने भयो, यसलाई उठाऊ ।'-ओलीले यस्तो भनेका थिए ।

ओलीको आक्रोशका बीच पानी ल्याएर दावा लामाले थपलियालाई छर्केका थिए । 'दावाजीले पानी छर्केपछि जेएनले बिस्तारै आँखा खोल्नुभयो, त्यसपछि उहाँलाई मध्यपुर थिमी अस्पताल लगिएको हो', अर्का सांसदले भने-'अस्पतालमा उपचार गरेपछि हामीहरूले जेएन कमरेडलाई त्रिपुरेश्वरस्थित एक होटलमा बिहान लगेर छोडेका हौं ।' चर्को ज्वरो आएको कारण औषधि खाएर थपलिया सुतिरहेको उनीनिकटका एक सांसदले जानकारी दिए ।

**अर्थतन्त्रलाई...**

'हामी अर्थतन्त्रलाई प्रतिक्रियात्मक ढंगले होइन, आत्मविश्वासले भरिएको, निर्णयक्षम र भविष्यप्रति आशावादी अर्थतन्त्र बनाउन चाहन्छौँ,' उनले भने- 'त्यसैले आजको बैठकलाई बैंकिङ क्षेत्रसँगको आवधिक संवादका रूपमा होइन, नेपालको वित्तीय प्रणालीलाई आर्थिक रूपान्तरणको नेतृत्वदायी साझेदार बनाउने कार्यशालाका रूपमा अघि बढाऔं ।'

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सम्पर्कः


सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# वालिङले सुरु गऱ्यो ‘कृषि एम्बुलेन्स’ सेवा



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको वालिङ नगरपालिकाले ‘कृषि एम्बुलेन्स’ सेवा सञ्चालनमा ल्याएको छ । एम्बलेन्स सेवा सञ्चालनमा आएसँगै स्थानीय कृषकलाई तरकारी, फलफूल तथा कृषि उपज बोकेर बजार धाउनुपर्ने बाध्यताको अन्त्य हुने भएको छ ।

वालिङ नगरपालिका-१ त्रियासीस्थित कृषि उपज बजार व्यवस्थापन सहकारी संस्थालाई कृषि एम्बुलेन्स हस्तान्तरण गरेसँगै कृषकको उत्पादन घर-आँगनबाटै संकलन गरी बजारसम्म पुऱ्याउने व्यवस्था गरिएको छ । वालिङ नगरपालिका, स्थानीय दियालो संस्था तथा वालिङ कृषि विकास परियोजना (हेफर इन्टरनेसनल नेपाल) को साझेदारीमा सेवा सञ्चालनमा ल्याइएको हो ।

कृषि एम्बुलेन्स ३२ लाख ९० हजार रुपैयाँ लागतमा खरिद गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाको १८ लाख ९० हजार र परियोजनाको १४ लाख रुपैयाँ लगानी एम्बलेन्स खरिद गरिएको जानकारी दिँदै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवालीले सेवा सञ्चालनमा आएपछि कृषिजन्य उत्पादनको संकलन, ढुवानी, भण्डारण र बजारीकरणमा आधुनिक तथा व्यवस्थित बन्ने अपेक्षा गरिएको बताए ।

‘कृषि उत्पादनलाई खेतदेखि बजारसम्म जोड्ने एम्बुलेन्स सेवा कृषकमैत्री कार्यक्रम हो,’ अधिकृत ज्ञवालीले भने-‘कृषकले उत्पादन, ढुवानी र बिक्रीका लागि बजारीकरणको चिन्ता गर्नुपर्ने अवस्था रहने छैन ।’ हाल सहकारीमार्फत दैनिक करिब ५० क्विन्टल तरकारी संकलन हुँदै आएको छ । कृषि एम्बुलेन्स सञ्चालनमा आएसँगै कृषकको घरबाटै तरकारी उठाइने भएपछि ढुवानी लागत घट्ने, समय बचत हुने र उत्पादित तरकारी ताजा अवस्थामै बजारमा पुऱ्याइने छ ।

कृषि एम्बुलेन्स सेवा सञ्चालनसँगै उत्पादनदेखि बजारसम्मको कृषि आपूर्ति श्रंखला सुदृढ हुने नगरपालिकाको अपेक्षा रहेको छ । विशेषगरी साना तथा व्यावसायिक कृषकको बजार पहुँच विस्तार गर्दै आम्दानी वृद्धि गर्न महत्वपूर्ण योगदान पुग्नेमा नगरपालिकाले विश्वास जनाएको छ ।

सहकारीका अध्यक्ष अर्जुन प्रकाश अर्यालले ढुवानी अभावका कारण कृषकले वर्षौंदेखि भोग्दै आएको समस्या समाधान हुने जिकिर गरे । ‘पहिले ढुवानी अभावमा खेतबारीमै धेरै तरकारी कुहिन्थ्यो,’ उनले भने-‘बजारसम्म पुऱ्याउन कठिन थियो । तर अब कृषि एम्बुलेन्समार्फत पोखरा र बुटवलसम्म नियमित रूपमा तरकारी पठाउन सक्ने अवस्था बनेको छ ।’

गएको वर्ष सहकारीले नगर क्षेत्रबाट करिब एक लाख ५८ हजार २६८ किलोग्राम तरकारी संकलन गरेको सहकारीका प्रबन्धक युवराज रेग्मीले बताए । कृषि एम्बुलेन्सले एकै पटक झण्डै १३० क्यारेट तरकारी ढुवानी गर्न सक्ने उनले जानकारी दिए । कृषकलाई ढुवानी लागत घटाउने मात्र होइन, बचत भएको समयले व्यावसायिक खेतीतर्फ थप आकर्षित गर्ने प्रबन्धक रेग्मीले जनाए ।

वालिङ नगरपालिकाले उत्पादित तरकारी तथा फलफूलको न्यूनतम समर्थन मूल्य निर्धारण गर्दै उत्पादनका आधारमा प्रतिकिलो ५ रुपैयाँ अनुदान उपलब्ध गराउँदै आएको जनाएको छ । गएको आर्थिक वर्ष २०८२/८३ मा नगरपालिकाले ७ लाख ९१ हजार ३४२ रुपैयाँ तरकारी अनुदानमा कृषकलाई नगद वितरण गरेको थियो ।

# कालिकामा एसेम्बल कला कार्यशाला सम्पन्न




बुटवल । कालिका मानवज्ञान माध्यमिक विद्यालयमा ललितकला विषय अध्ययनरत विद्यार्थीलाई लक्षित गरी एसेम्बल कला कार्यशाला सम्पन्न भएको छ ।

कार्यशाला साउन ११ गते सुरु भइ साउन १९ गते सम्पन्न भएको हो । खेर गएका सामग्रीबाट कलात्मक सामग्री बनाउन सिकाउन कार्यशाला आयोजना गरेको शिक्षक सुमित्रा रानाले जानकारी दिइन् । कार्यशालामा १० समूह विभाजना गरी एक समूहमा तीनजनाले कलात्मक सामग्री बनाएका थिए । यो कार्यशालामा डोलबहादुर आले, ऋचा श्रेष्ठ र डोलकुमारी थापाको समूह प्रथम, चन्द्रबहादुर खडका, मिरा थापा र पूर्णिमा ओलीको समूह दोश्रो र विजया खराल, विकास पुन र नविना पौडेलको समूह तेस्रो भएको थियो । कार्यशालामा काठमाडौं विश्वविद्यालयका सह-प्राध्यापक भुवन थापाले सहजीकरण गरेका थिए ।

कार्यशाला समापनमा बोल्दै विद्यालयका प्रधानाध्यापक पिताम्बर बञ्जाडेले खेर गएका सामग्रीबाट कलात्मक सामग्री बनाएर विद्यार्थीले रचनात्मक काम गरेको भन्दै प्रशंसा गरे । उनले फोहरलाई मोहरमा बदल्न सकिने संभावना यो कार्यशालाले दिएको बताए । पूर्व प्रधानाध्यापक दिनेश थापाले ललितकला कार्यशालाले विद्यार्थीको प्रतिभा बाहिर ल्याउन महत्वपूर्ण भुमिका खेलेको भन्दै विद्यार्थीको श्रृजनशिल काम महत्वपूर्ण रहेको बताए ।

काठमाडौ विश्व विद्यालयका सह-प्राध्यापक भुवन थापाले कालिका मानवज्ञान माध्यमिक विद्यालयले ललितकला विषय पठनपाठन गराएर सकारात्मक पहलकदमी लिएको बताए । कालिका मानवज्ञान माध्यमिक विद्यालयका शिक्षा, मानविकी र कानुनका इन्चार्ज विमल आत्रेयले कार्यशालाबाट विद्यार्थीले खेर गएको सामग्रीबाट कलात्मक सामग्री बनाउन सिकेको र यस्ता कार्यले फोहर व्यवस्थापनमा सघाउ पुग्ने बताए ।

कार्यक्रममा साहित्यकार दलबहादुर गुरुङ, अभिभावक गीता रानी बलाल, विद्यार्थीहरु राजु खडा, चन्द्रबहादुर खडका र नविना पौडेलले कार्यशाला महत्वपूर्ण सिकाइ भएको बताए । समापन कार्यक्रमको अध्यक्षता विद्यार्थी रिया धमाल र सञ्चालन विजया खरालले गरेका थिए ।

# गुल्मीमा बेवारिसे हतियार फेला



गुल्मी । गुल्मीमा केही दिनको अन्तरालमै बेवारिसे अवस्थामा हतियार फेला पर्न थालेपछि यस्ता हतियार कहाँबाट आउँदैछन् भन्ने प्रश्न उठेको छ । जिल्लाको रुरुक्षेत्र गाउँपालिका-४ बलेटक्सारस्थित मुसीडाँडामा प्रहरीले बेवारिसे अवस्थामा भरुवा बन्दुकसहित त्यसमा प्रयोग हुने बारुद, छर्रा र क्याप फेला पारेको हो ।

प्रहरी चौकी रुरु गुल्मीबाट प्रहरी सहायक निरीक्षक ज्ञानबहादुर विकको कमाण्डमा खटिएको तीन सदस्यीय गस्ती टोलीले बुधबार दिउँसो करिब २:४५ बजे पानीटंकी नजिकै बेवारिसे अवस्थामा भरुवा बन्दुक फेला पारेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार साबुत अवस्थाको भरुवा बन्दुक एक थान, करिब १५० ग्राम बारुद, १२ थान छर्रा र १२ थान क्याप फेला परेको हो । बरामद हतियार तथा सामग्रीलाई नियन्त्रणमा लिएर प्रहरी चौकी रुरुमा ल्याई राखिएको छ ।

हतियार कसले त्यहाँ राखेको हो ? कहिलेदेखि त्यहाँ थियो ? कुनै आपराधिक गतिविधिमा प्रयोग भएको थियो कि थिएन ? भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ ।

घटनास्थल प्रहरी चौकी रुरुबाट करिब चार किलोमिटर दक्षिण-पश्चिममा पर्छ ।

तर प्रश्न उठ्छ–गुल्मीमा बेवारिसे हतियार किन भेटिँदैछन् ?

गुल्मीमा पछिल्लो समय बेवारिसे अवस्थामा हतियार भेटिन थालेपछि यसलाई सामान्य घटनाका रूपमा मात्रै लिन मिल्ने कि यसको पछाडिको कारण पनि खोजिनुपर्ने हो भन्ने प्रश्न उठेको छ ।

एकातिर प्रहरीले गैरकानुनी रूपमा राखिएका हतियारमाथि निगरानी बढाएको बताइरहेको छ भने अर्कोतर्फ सार्वजनिक स्थान आसपासमै हतियार भेटिनुले जिल्लामा अझै पनि लुकाइएका वा प्रयोगमा रहेका गैरकानुनी हतियारको अवस्था के छ ? भन्ने प्रश्न जन्माएको छ ।

जिल्ला प्रहरी प्रमुख एसपी भीमकिरण बोगटी भने गैरकानुनी रूपमा राखिएका हतियारमाथि प्रहरीले निरन्तर निगरानी गरिरहेको बताउँछन् ।

“गैरकानुनी रूपमा राखिएका हतियारमाथि हाम्रो जहिले पनि नजर पर्छ । अस्ति तम्घास नजिकै छाडीमा छोटो नालको हतियार फेला पाऱ्यौं । पेट्रोलिङका क्रममा बलेटक्सारमा भेटिएको छ । हामी निरन्तर निगरानीमा छौं ।”-उनले भने ।

यसअघि फेला परेको हतियार र अहिले बरामद भएको भरुवा बन्दुकबिच कुनै सम्बन्ध छ कि छैन भन्ने विषय पनि अनुसन्धानको एउटा पाटो हुन सक्छ । यद्यपि, यसको पुष्टि अनुसन्धानबाट मात्रै हुने भएकाले अहिले नै कुनै निष्कर्ष निकाल्न सकिँदैन ।

स्मरण रहोस्, गुल्मी प्रहरीले केही दिनअघि मात्रै तम्घास नजिकै छाडी क्षेत्रमा छोटो नालको घरेलु रिभल्वरसमेत फेला पारेको थियो । छोटो अवधिमै फरक-फरक प्रकारका हतियार बेवारिसे अवस्थामा भेटिन थालेपछि ती हतियार कहाँबाट आए र किन बेवारिसे अवस्थामा छाडिए भन्ने विषय थप चासोको विषय बनेको छ ।

# बैंक ब्याज र करमा सुधारको माग




बुटवल । तिलोत्तमा व्यापार संघले बैंक ब्याजदरमा एकरूपता कायम गर्न तथा उद्योग, व्यवसाय र आधारभूत क्षेत्रमा लगाइएका करहरू खारेज गर्न नेपाल सरकारसमक्ष पहल गरिदिन नेपाल चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशलाई आग्रह गरेको छ ।

संघका अध्यक्ष नेत्रप्रसाद न्यौपानेले नेपाल चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशका अध्यक्षलाई ज्ञापनपत्र बुझाउँदै उद्योगी, व्यवसायी र आम उपभोक्ता अहिले विभिन्न आर्थिक चुनौतीको सामना गरिरहेको उल्लेख गरेका छन् । उद्योग-व्यवसायको संरक्षण, उत्पादन लागत घटाउने तथा आर्थिक गतिविधिलाई चलायमान बनाउन सरकार र सम्बन्धित निकायले तत्काल आवश्यक पहल गर्नुपर्ने माग ज्ञापनपत्रमार्फत गरिएको छ ।

ज्ञापनपत्रमा बैंक तथा वित्तीय संस्थाले पुराना र नयाँ ऋणीका लागि फरक-फरक ब्याजदर कायम गर्दा व्यवसाय सञ्चालनमा असहजता, असमान प्रतिस्पर्धा तथा अन्यायपूर्ण अवस्था सिर्जना भएको उल्लेख गरिएको छ । त्यसैले सम्पूर्ण बैंक तथा वित्तीय संस्थामा पुराना र नयाँ ऋणमा समान ब्याजदर लागू गराउन नेपाल सरकार र नेपाल राष्ट्र बैंकसमक्ष आवश्यक पहल गर्न चेम्बरमार्फत् आग्रह गरिएको छ ।

संघले उद्योगमा प्रयोग हुने विद्युत्मा लगाइएको १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) तथा आम उपभोक्तामाथि लगाइएका विभिन्न करका कारण उद्योग तथा व्यवसायको उत्पादन लागत बढ्दै गएको जनाएको छ । उत्पादन लागत बढेसँगै वस्तु तथा सेवाको मूल्य वृद्धि हुने र त्यसको प्रत्यक्ष असर उपभोक्ताले व्यहोर्नुपर्ने अवस्था आएको ज्ञापनपत्रमा उल्लेख छ ।

यस्तै स्वास्थ्य र शिक्षा जस्ता आधारभूत तथा संवेदनशील क्षेत्रमा लगाइएका करले नागरिकको दैनिक जीवनमा थप आर्थिक भार सिर्जना गरेको भन्दै यस्ता कर तत्काल खारेज गर्न अर्थ मन्त्रालयसमक्ष प्रभावकारी रूपमा आवाज उठाइदिन पनि आग्रह गरिएको छ ।

व्यापार संघले उद्योग, व्यापार र उपभोक्ताको हित संरक्षण गर्दै मुलुकको आर्थिक गतिविधिलाई चलायमान बनाउन बैंक ब्याजदरमा एकरूपता कायम गर्ने, उद्योग तथा उपभोक्तामाथिका अनावश्यक कर हटाउने लगायतका विषयलाई प्राथमिकताका साथ नेपाल सरकार र अर्थ मन्त्रालयसमक्ष उठाउन लुम्बिनी प्रदेश चेम्बर अफ कमर्ससँग अनुरोध गरेको छ ।

व्यवसायीहरूले पछिल्लो समय उच्च उत्पादन लागत, महँगो बैंक ब्याज र करको बढ्दो भारका कारण उद्योग-व्यवसाय सञ्चालन गर्न कठिनाइ भएको जनाउँदै व्यवसायमैत्री वातावरण निर्माणका लागि सरकारले तत्काल नीतिगत सुधार गर्नुपर्नेमा जोड दिएका छन् ।

## कञ्चनको नमूना पहल:
# गाई–भैँसी सुत्केरी स्याहारमा पोषण प्रोत्साहन

कञ्चन । रुपन्देहीको कञ्चन गाउँपालिकाले पशुपालन व्यवसायलाई प्रोत्साहन गर्दै किसानको आर्थिक भार कम गर्न सुरु गरेको ‘गाई-भैँसी सुत्केरी स्याहार तथा पोषण सुधार प्रोत्साहन कार्यक्रम’ स्थानीय तहकै एक नमुना कार्यक्रमका रूपमा स्थापित हुँदैगएको छ ।

आर्थिक वर्ष २०८१/०८२ देखि सञ्चालनमा ल्याइएको यस कार्यक्रमअन्तर्गत गाउँपालिकाले आफ्नो क्षेत्रमा गाई वा भैँसी सुत्केरी हुँदा प्रति पशु ४ हजार रुपैयाँ प्रोत्साहन भत्ता उपलब्ध गराउँदै आएको छ । देशभरका ७५२ स्थानीय तहभन्दा फरक र किसानमुखी अवधारणासहित सुरु गरिएको यो कार्यक्रमले दुई वर्षमै उल्लेखनीय सफलता हासिल गरेको छ ।

पशु सेवा शाखाका सहायक पशु विकास अधिकृत नेत्र प्रसाद अधिकारीले दिएको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/०८२ मा ५५१ वटा तथा २०८२/०८३ मा ६१३ वटा गरी जम्मा १ हजार १ सय ६४ गाई-भैँसी सुत्केरी भएका छन् । यसबापत गाउँपालिकाले किसानलाई ४६ लाख ५४ हजार रुपैयाँ सुत्केरी स्याहार तथा पोषण सुधारमा प्रोत्साहन भत्ता वितरण गरेको कञ्चन गाउँपालिकाका लेखा अधिकृत सन्तोष गैरेले जानकारी दिए ।

सीमित आन्तरिक आयस्रोत भएको गाउँपालिकाले आफ्नै स्रोतबाट किसानको हितमा यति ठूलो रकम विनियोजन गर्नु स्थानीय सरकारको कृषि तथा पशुपालनप्रतिको प्रतिबद्धताको उदाहरण मानिएको छ ।

कञ्चन गाउँपालिकाले यस कार्यक्रमबाट प्रोत्साहन रकम प्राप्त गर्न पशु बिमा अनिवार्य गरेको छ । पशु सेवा शाखाका सहायक पशु विकास अधिकृत अधिकारीका अनुसार यो कार्यक्रम पहुँचका आधारमा नभई वास्तविक पशुपालक किसानलाई प्रत्यक्ष लाभ पुग्ने गरी सञ्चालन गरिएको किसानमैत्री योजना हो ।

अधिकारीका अनुसार गाउँपालिकाका सामान्य किसानले समेत सहज रूपमा लाभ लिन सक्ने भएकाले कार्यक्रम प्रभावकारी बन्दै गएको छ । करिब ५० हजार जनसंख्या रहेको कञ्चन गाउँपालिकामा करिब ९० प्रतिशत परिवार कृषि पेशामा निर्भर छन् । गाउँपालिकाको वार्षिक आन्तरिक राजस्व करिब सवा २ करोड रुपैयाँ मात्रै रहे पनि कृषिलाई प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

सिँचाइ विस्तारका प्रयास भइरहे पनि हालसम्म करिब ८० प्रतिशत खेतीयोग्य जमिन आकाशे पानीमा निर्भर रहेको अवस्था छ । त्यसैले कृषि उत्पादनसँगै पशुपालनलाई सुदृढ बनाउने उद्देश्यले गाउँपालिकाले यो कार्यक्रमलाई निरन्तरता दिएको कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले बताए ।

कार्यक्रमको प्रभावकारिता र किसानको उत्साहलाई मध्यनजर गर्दै गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि २८ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । गत आर्थिक वर्ष २५ लाख रुपैयाँ छुट्याइएको थियो भने आर्थिक वर्ष २०८१/०८२ मा विनियोजित ३० लाख रुपैयाँमध्ये २२ लाख रुपैयाँ खर्च भएको लेखा अधिकृत गैरेले जानकारी दिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com